भाग ५

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

सूचना

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम संवत् २०८० साउन १ गते देखि लागू हुने गरी चिया बगान बाहेकका श्रमिक र चिया बगानका श्रमिकका लागि देहाय बमोजिम न्यूनतम पारिश्रमिक निर्धारण गरेकोले सोही दफाको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छः-

(क) चिया बगान बाहेकका श्रमिकको हकमाः-

क्र.सं.	न्यूनतम पारिश्रमिक	आधारभूत पारिश्रमिक (रू.)	महङ्गी भत्ता (रू.)	जम्मा (रू.)
१.	मासिक	१०,८२०।-	६,४८०।-	१७,३००।-
२.	दैनिक	४१८।-	२५०।-	६६८।-
३.	प्रति घण्टा	५६।-	३३।-	८९।-
४.	आंशिक समय मात्र काम गर्ने कामदारको प्रति घण्टा न्यूनतम पारिश्रमिक	-	-	९५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) चिया बगानका श्रमिकको हकमाः-

क्र.सं.	न्यूनतम पारिश्रमिक	आधारभूत पारिश्रमिक (रू.)	महङ्गी भत्ता (रू.)	जम्मा (रू.)
१.	मासिक	८,९३४।-	४,९५९।-	१३,८९३।-
२.	दैनिक	३२३।-	१७७।-	५००।-
३.	प्रति घण्टा	४३।-	२३।-	६६।-
४.	चिया प्रशोधन वा चिया कारखानामा काम गर्ने श्रमिक तथा चिया बगानका सरदार, नाइके र चौकीदारको समेत दैनिक भत्ता	-	-	६३।-

द्रष्टव्यः

१. उपर्युक्त पारिश्रमिकको अतिरिक्त श्रम ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र प्रचलित कानून बमोजिम श्रम सम्झौता/नियुक्तिपत्र, श्रमिकले पाउने सञ्चयकोष र उपदान लगायतका सुविधाहरु अनिवार्य रुपमा हुनु पर्नेछ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम स्थानीय तह वा नेपाल कानून बमोजिम अन्य निकायलाई न्यूनतम पारिश्रमिक निर्धारण गर्ने अधिकार प्रदान गरिएकोमा त्यस्तो तह वा निकायले पारिश्रमिक निर्धारण गर्दा यो सूचनामा तोकिएभन्दा कम नहुने गरी निर्धारण गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. उल्लिखित न्यूनतम पारिश्रमिक भन्दा कम पारिश्रमिक लिने दिने गरी कसैले पनि कुनै रोजगार सम्झौता गर्न पाइने छैन ।

४. माथिको न्यूनतम पारिश्रमिक श्रम ऐन, २०७४ को दफा २८ बमोजिमको कानूनी व्यवस्थालाई समेत आधार बनाई लागू गरिएको छ। न्यूनतम पारिश्रमिक दिने सन्दर्भमा केही प्रावधानहरु फरक भएको अवस्थामा समेत यही न्यूनतम पारिश्रमिकलाई आधार बनाई समायोजन गर्न सकिनेछ।

५. खण्ड ७१, सङ्ख्या ३, मिति २०७८।१।२० को नेपाल राजपत्र भाग ५ मा प्रकाशित चिया बगान बाहेकका श्रमिकको न्यूनतम पारिश्रमिक सम्बन्धी र खण्ड ७१, सङ्ख्या १३, मिति २०७८।३।२८ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित चिया बगानका श्रमिकको न्यूनतम पारिश्रमिक सम्बन्धी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचना खारेज गरिएका छन्।

आज्ञाले,
केवल प्रसाद भण्डारी
नेपाल सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.२५।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।